(आ.व. २०८०/०८१) वैठक नं.

आज मिति २०८० साल चैत्र ८ गते विहिवारका दिन विहान ८:०० वजे हरिपुर नगर कार्यपालिकाको तेतिसौं नगर कार्यपालिका वैठक नगर प्रमुख श्री गोपाल पजियार ज्यूको अध्यक्षतामा वसि निम्न अनुसारको प्रस्तावहरुको विषयमा छलफल गरि निर्णय गरियो ।

## उपस्थिती

| क स | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | गोपाल पजियार | नगर प्रमुख | |
| २ | निलम देवी राय यादव | नगर उपप्रमुख | |
| ३ | नानी वावु थापा | सदस्य(वडा अध्यक्ष वडा नं.१) | |
| ४ | निल विक्रम थापा | सदस्य (वडाअध्यक्ष वडा नं.२) | |
| ५ | लाल महम्द शेष | सदस्य (वडाअध्यक्ष वडा नं.३) | |
| ६ | संजय प्रसाद साह | सदस्य (वडा अध्यक्ष वडा नं.४) | |
| ७ | सुरेन्द्र प्रसाद चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.५) | |
| ८ | प्रेमहरि श्रेष्ठ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | |
| ९ | मनोज कुमार चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.७) | |
| १० | हरि वहादुर थापा | सदस्य (वडाअध्यक्ष वडा नं.८) | |
| ११ | विश्वनाथ राय | सदस्य (वडाअध्यक्ष वडा नं.९) | |
| १२ | फिरोजा खातुन | सदस्य (महिला) | |
| १३ | सुमित्रा देवी | सदस्य (महिला) | |
| १४ | सिमरिखिया देवी दास | सदस्य (महिला) | |
| १५ | गंगीया देवी | सदस्य (महिला) | |
| १६ | चितोरिया कुमारी चौधरी | सदस्य (महिला) | |
| १७ | सिताशरण साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १८ | हिरा विश्वकर्मा | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १९ | सन्तोष प्रसाद साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| २० | ओम प्रकाश महतो | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

Scanned with CamScanner

मिति २०८०।१२।०८ गते

## प्रस्ताव

१. पूर्व निर्णयको समीक्षा सम्वन्धमा ।

२. २०८०/०८१ मा जिम्मेवारी सारेको योजनाको सम्झौता र भुक्तानी सम्वन्धमा ।

३. १५ शैया अस्पतालको ठेक्काको म्याद थप सम्वन्धमा ।

४. नवलपुर मलंगवा सडकको सिमा अतिक्रमण सम्वन्धमा ।

५. आश्रम संचालनको लागि पदम भुवनेश्वरी नमूना वृद्ध सेवाश्रमलाई वजेट विनियोजन सम्वन्धमा ।

६. जेहेन्दार विद्यार्थीलाई एम.वि.वि.एस. पढनमा सहयोगको लागि आर्थिक सहयोग सम्वन्धमा ।

७. वडा नं. १ नख्खा टोलमा उज्जयालो बत्ती जडान सम्वन्धमा ।

८. घ वर्गको ठेक्काको इजाजत पत्र स्वीकृत गर्ने सम्वन्धमा ।

९. आ.व. २०८०।०८१ को योजना तथा कार्यक्रमको सम्झौता र संचालन सम्वन्धमा ।

१०. वडा नं. ८ इन्द्रपुर आधारभुत स्वास्थ्य केन्द्रमा वजेट विनियोजन सम्वन्धमा ।

११. वडा नं. २ को कालपत्रे सडकको म्याद थप सम्वन्धमा ।

१२. आर्थिक सहायता सम्वन्धमा ।

१३. स्वास्थ्य संस्थाहरुको लागी चाहिने मसलन्द ,फर्निचर छपाई तथा अन्य सामाग्रीहरु खरिद सम्वन्धमा

१४. स्वास्थ्य संस्थाहरुमा औषधि तथा औषधिजन्य सामाग्रीहरु ढुवानी ,रिप्याकिङ्ग गर्नको लागी वजेट विनियोजन सम्वन्धमा।

१५. विविध सम्वन्धमा ।

निर्णयहरु

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगर कार्यपालिकाको पछिल्ला वैठंकहरुवाट भएका निर्णयहरुको समीक्षा गर्दै उक्त निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न सम्वन्धीत विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकाको गत आ.व. मा सम्झौता भई सम्पन्न नभएका योजनाहरु चालु आ.व. २०८०/०८१ मा जिम्मेवारी सारेकोले सम्झौता भई सम्पन्न भएका योजनाहरुको योजना फर्छयौट गरी मिति २०८० चैत्र मसान्त सम्म रकम भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. ३ फरहदवामा निर्माण भएको एन.सि.वी. ०२/२०७९।०८० को १५ शैया अस्पतालको ठेक्का प्रक्रियाद्वारा ठेक्का लागेकोमा उक्त ठेक्काको मिति २०८०।१२।०८ गते सम्झौताको म्याद समाप्त भएकोले उक्त १५ शैया अस्पतालको सार्वजनिक खरिद नियमावली २०६४ को १० औ संशोधनको नियम १२० अनुसार ठेक्काको म्याद शुरुको सम्झौता वमोजिमको ५० प्रतिशत सम्म म्याद थप गर्ने व्यवस्था रहेको हुँदा सोही वमोजिम उक्त ठेक्काको म्याद मिति २०८१ चैत्र ८ गते सम्म थप गरी नगरसभामा अनुमोदन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

मिति २०८०।१२।०८ गते

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिकामा सडक डिभिजन चन्द्रनिगाहपुरको प.सं. २०८०।०८१, च.नं. ११०५, मिति २०८०।१२।०६ गतेको आवश्यक सहयोग गरिदिनु हुन सम्वन्धको प्राप्त पत्रानुसार डिभिजनको कार्यक्षेत्र भित्र पर्ने नवलपुर मलंगवा सडकको सडक सिमा (मौजुदा सडकको केन्द्र रेखा देखि १५/१५ मिटर दायाँ बायाँ) विभिन्न स्थानमा स्थानीयहरुवाट अतिक्रमण भएको सडक सिमामा अतिक्रमण हटाउन आ-आफ्नो वडाहरुमा आवश्यक सहयोग र समन्वय गरिदिने निर्णय गरियो ।

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिकाले विगत वर्ष देखि नै आश्रम संचालनको लागि पदमं भुवनेश्वरी नमूना वृद्ध सेवाश्रमलाई वजेट विनियोजन गरिरहेकोमा उक्त पदम भुवनेश्वरी नमूना वृद्ध सेवाश्रम, लालवन्दी न.पा. २ जुटपानी, सर्लाही (नेपाल) को प.सं. २०८०।०८१, च.नं. ६८, मिति २०८०।११।०८ गतेको आश्रम संचालनको लागि रु. १,००,०००।०० वजेट माग गरिएको प्राप्त पत्रानुसार उक्त आश्रम संचालनको लागि पदम भुवनेश्वरी नमूना वृद्ध सेवाश्रमलाई यस नगरपालिकाको चालु आ व २०८०।०८१ को रेडवुकको सि नं १२२ (पेज नं. ४८) मा अन्य संस्था सहायता खर्च शिर्षक नं. २५३१५ विनियोजन भएको रकम रु. ५,००,०००।०० विनियोजन भएको रकमवाट रु. १,००,०००।०० उक्त वृद्धाश्रमलाई विल भर्पाई अनुसार अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. ६ मा वस्ने कमराज आलमले मिति २०८०।११।०८ मा छात्रवृत्तिको लागि आर्थिक सहयोग सम्वन्धको पत्र र ६ नं. वडा कार्यालयको प.सं. २०८०।०८१, च.नं. ९७६, मिति २०८०।११।०१ गतेको आर्थिक सहयोग सम्वन्धको पत्रानुसार उक्त छात्र गरिव र जेहेन्दार भएकोले राष्ट्रिय चिकित्सा शिक्षा आयोग द्धारा संचालित परीक्षामा एम.वि.वि.एस. मा खुल्लातर्फ नाम निकाल्न सफल भएको र खान वस्नको लगायत अध्ययनको लागि तथा आवश्यक सामग्री खरिद गर्न असक्षम रहेकोले उक्त ब्यवस्था गर्न हरिपुर नगरपालिकाको चालु आ व २०८०।०८१ को रेडवुकको चालुगत खर्चको पेज नं ४८ को सि नं ११९ को विविध खर्च हुने रकमको खर्च शिर्षक २२७११ मा रु १५०००००।०० विनियोजन भएको रकमवाट रु.१०,०००।०० अध्ययनको लागि सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं. ७ मा छलफल गर्दा यस हरिपुर नगरपालिका यस नगरपालिका अन्तर्गत वडा नं १ को नखखा टोलमा हाती आतंकको आपतकालिन अवस्थामा उक्त स्थानमा तत्काल उज्जयालो बनाउँन अति आवश्यक रहेकोले यस नगरपालिकाको चालु आ व २०८०।०८१ मा वडा नं. १ को पुँजितग खर्चको पेज नं. ६१ को सि.नं. १२ मा चौक तथा वस्तीमा वति जडान कार्यको खर्च शिर्षक नं. ३११५३ मा रकम रु. ६,५०,०००।०० विनियोजन भएको रकमवाट खर्च हुने गरी प्राविधिक लागत अनुमान अनुसार रु. १,००,०००।०० विनियोजन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

मिति २०८०।१२।०८ गते

स्ताव नं. ८ मा छलफल गर्दा यस हरिपुर नगरपालिका कार्यालयमा देहायका निर्माण व्यवसायीहलाई प्राविधिक प्रतिवेदन लगायत आवश्यक सम्पुर्ण कागजातको आधारमा नियमानुसार निर्माण व्यवसायको लागि "घ" वर्गको इजाजत प्रमाणपत्र दिने निर्णय गरियो ।

देहाय

| क्र.सं. | निर्माण व्यवसायको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | राइज सुपा देउराली कन्स्ट्रक्सन एण्ड सप्लायर्स | हरिपुर-२, सर्लाही | प्रोपराइटर अमृत कुमार घिसिंग ९८४३११८१३४ |

प्रस्ताव नं. ९ मा छलफल गर्दा यस नगरपालिकाको चालु आ.व. २०८०।०८१ को स्वीकृत वार्पिक नीति तथा कार्यक्रम अनुसारका योजना तथा कार्यक्रमहरु समयमै सम्पन्न गर्ने उद्देश्यले २०८० फागुन सम्म योजना तथा कार्यक्रमको सम्झौता गरी सक्ने भनी मिति २०८०।१०।२४ गतेको ३० औं नगर कार्यपालिकाको बैठकमा निर्णय भएकोमा हाल सम्म केही योजना तथा कार्यक्रम संचालन भएको वाहेक अन्य योजनाहरु संचालनको लागि सम्झौता हुन नआएको हुँदा समयमै कार्य सम्पन्न गर्ने उद्देश्यले अब २०८० चैत्र मसान्त सम्म सम्झौता गरी सक्ने गरी सवै वडा तथा नगरपालिका कार्यालयवाट कार्य संचालन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १० मा छलफल गर्दा यस नगरपालिका वडा नं. ८ को इन्द्रपुर आधारभुत स्वास्थ्य केन्द्र इन्द्रपुरको प्रांगणमा माटो हुर्ने, ढलान गर्ने र भवन रंगरोगन कार्य गर्न प्राविधिकको लागत अनुमान अनुसार हरिपुर नगरपालिकाको चालु आ व २०८०।०८१ को रेडवुकको पूंजिगत खर्चको पेज नं ४९ को सि नं २० को कार्यपालिकाको बैठकको निर्णयानुसार खर्च हुने रकमको खर्च शिर्पक ३११५९ मा रु ४६५००००।००।०० विनियोजन भएको रकमवाट उक्त कार्य गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ११ मा छलफल गर्दा यस नगरपालिका वडा नं. २ अन्तर्गत आ.व. एन.सि.वी.-०४औ२०७८/०७९ मा अमृता क्न्स्ट्रक्सन मकवानपुरसँग सम्झौता भएको ठेक्का वडा नं. २ सडक कालोपत्रे कार्यको म्याद २०७९ पौप २० गते सम्म म्याद भएको तर साइट क्लियरेन्स नभएको कारण उक्त कार्य हुन नसकेकोले सार्वजनिक खरिद नियमावली २०६४ को १३ औं संशोधन अनुसार नियम २० (क) वमोजिम २०८१ असार मसान्त सम्म उक्त अमृता क्न्स्ट्रक्सन मकवानपुरको म्याद थप गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १२ मा छलफल गर्दा यस नगरपालिका कार्यालयमा विभिन्न मितिमा आर्थिक सहायताको लागि पेश भएको देहायका निवेदनहरुलाई श्रीमान् नगर प्रमुख ज्यूको तोक आदेश अनुसार आर्थिक सहायताको हरिपुर नगरपलिकाको आर्थिक सहायता वितरण कार्यविधि २०७९ मा परिच्छेद ३ मा ७ र ८ मा उल्लेख भए अनुसारको रकम वाह्रौ नगरसभाको नगर विकास योजनाको हरिपुर नगरपालिकाको चालुगत खर्च शिर्पकको

Scanned with CamScanner

मिति २०८०।१२।०८ गते

पेज नं. ४८ मा सि.नं. १२४ मा विपन्न परिवारलाई आर्थिक सहयोग खर्च शिर्षक २७२१२ मा रकम रु. ७०००००।०० विनियोजन भएको रकमबाट भुक्तानी गर्ने निर्णय गरियो ।

| क्र.सं. | आर्थिक सहायताको लागि पेश भएको निवेदनको नाम | वार्ड नं. | ठेगाना | के कारण आर्थिक सहायता माग गरेको | वडा समितिको निर्णय मिति र पाना नं. | वडा कार्यालयको मिति, च.नं. | आर्थिक सहायता रकम रु. |
|---|---|---|---|---|---|---|---|
| १ | विमला विश्वकर्मा | ८ | हरिपुर | हिडडुल गर्न नसक्ने | | ९४०/२०८०।१२।०७ | ७०००।०० |
| २ | श्री मिना देवी चौधरी | २ | हरिपुर | अल्सर | | १२४६/२०८०।१२।०७ | ७०००।०० |
| ३ | श्री शेख अलेश | ३ | हरिपुर | औषधी उपचार | | १४५७/२०८०।१२।०१ | १००००।०० |
| ४ | जफिदा खातुन | ५ | हरिपुर | दुवै खुट्टा अपांग | | १२४५/२०८०।११।३० | ७०००।०० |
| ५ | सागरिम मंसुर | ६ | हरिपुर | औषधी उपचार | | १०७७/२०८०।११।०४ | ७०००।०० |
| ६ | फेकन महतो | १ | हरिपुर | टाउँकोको अपरेशन | | ९९२/२०८०/१२/०८ | १००००।०० |

प्रस्ताव न. १३ माथि छलफल गर्दा स्वास्थ्य संस्थाहरुको लागी चाहिने मसलन्द ,फर्निचर छपाइ तथा अन्य सामाग्रीहरु खरिद गर्न हरिपुर नगरपालिकाको बाह्रौ नगरसभा २०८० द्वारा पारित नगर विकास योजना आ.ब.२०८०/०८१को पेज न.४७ सि.न.८८ मा रहेको कार्यपालिका बैठकको निर्णय अनुसार खर्च (२२५२९)मा विनियोजित रकम रु. ३३,००,०००/०० मध्ये रु ५०००००/००अक्षरेपी रु पाच लाख मात्र बिनियोजन गर्ने निर्णय गरियो ।

प्रस्ताव न. १४ माथि छलफल गर्दा स्वास्थ्य संस्थाहरुमा औषधि तथा औषधिजन्य सामाग्रीहरु ढुवानी ,रिप्याकिङ्ग गर्नको लागी खटिने कर्मचारीहरुलाइ भत्ता तथा औषधी ढुवानीमा खर्च गर्ने गरी हरिपुर नगरपालिकाको बाह्रौ नगरसभा २०८० द्वारा पारित नगर विकास योजना आ.ब.२०८०/०८१ को पेज न.४७ सि.न.८८ मा रहेको कार्यपालिका बैठकको निर्णय अनुसार खर्च (२२५२९) मा विनियोजित रकम रु. ३३,००,०००/०० मध्ये रु २,५०,०००/०० अक्षरेपी रु दुइ लाख पचास हजार मात्र बिनियोजन गर्ने निर्णय गरियो ।